# जनकपुरधाम उप–महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : १० मिति : २०७९/०९/३

## भाग–२

## जनकपुरधाम उप–महानगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

**जनकपुरधाम, धनुषा**

**मधेश प्रदेश, नेपाल**

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी
कार्यविधि , २०७९

# जनकपुरधाम उप-महानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना:**

स्थानीय स्तरको विकास निर्माणमा नीजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा नीजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी जनकपुरधाम उपमहानगरपालिकाको नगर कार्यपालिकाले "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७९ यो कार्यविधि बनाई लागू गरेको छ।

## भाग– १

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः-** यो कार्यविधिको नाम "जनकपुरधाम उपमहानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "कार्यविधि" भन्नाले जनकपुरधाम उप-महानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७९ लाई सम्झनु पर्छ।

(ख) “उप-महानगरपालिका” भन्नाले जनकपुरधाम उप-महानगरपालिकालाई नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले जनकपुरधाम उप-महानगरपालिकाको कार्यालय प्रमुखलाई सम्झनु पर्छ ।

(घ) “ईजाजतपत्र” भन्नाले जनकपुरधाम उप-महानगरपालिकाबाट दिईने “घ” वर्गको निर्माण व्यवसायी प्रमाणपत्र लाई सम्झनु पर्छ ।

## भाग– २

## ईजाजतपत्र सम्बन्धी व्यवस्था

३. **ईजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम ईजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

४. **नयाँ ईजाजतपत्र सम्वन्धी व्यवस्था :** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न ईजाजतपत्रको लागि यस जनकपुरधाम उपमहानगरपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/ नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको उपदफा ३ बमोजिम गठन हुन् पाँच सदस्यीय समितिवाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) दफा (४) को उपदफा (२) अनुसारको पाँच सदस्यीय समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले ईजाजतपत्र प्रदान गर्ने निर्णयकालागि तपसिल बमोजिमको समितिको वैठकमा पेश गर्नुपर्ने छ।

| | |
|---|---|
| (क) प्र.प्र.अ. | (संयोजक) |
| (ख) जिल्ला नि.व्य.को अध्यक्ष | (सदस्य) |
| (ग) पूर्वाधार विकास महाशाखा प्रमुख | (सदस्य) |
| (घ) वितिय व्यवस्थापन महाशाखा प्रमुख | (सदस्य) |
| (ङ) योजना तथा अनुगमन महाशाखा प्रमुख | (सदस्य सचिव) |

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको ईजाजतपत्र समितिको निर्णय बमोजिम उपमहानगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतले ईजाजतपत्र वापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा ईजाजतपत्र प्रदान गर्नेछ।

५. **ईजाजतपत्रको अवधि र नवीकरण :** (१) दफा ४ बमोजिम प्रदान गरिएको ईजाजतपत्र दफा ६ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्य सम्म मात्र मान्य रहनेछ।

(२) उपदफा (१) बमोजिम ईजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले ईजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप

सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित उपमहानगरपालिकावाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ र सो थप ३ महिना पछिका लागि प्रत्येक ३ महिनाको लागि अनुसूची-२ बमोजिमको थप दस्तुर तिरी १ वर्ष भित्र सम्म आवेदन गरि ईजाजत पत्र नवीकरण गर्नु पर्नेछ । ईजाजत पत्र नविकरण गर्न उपमहानगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको ईजाजत पत्र नविकरण गर्न उपमहानगरपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी ईजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले ईजाजतपत्र नवीकरण गरीदिनेछ ।

६. **ईजाजतपत्रको खारेजी :** (१) देहायको अवस्थामा उप-महानगरपालिकाले निर्माण व्यवसायीको ईजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेश गरी ईजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा।

(२) उपदफा (१) बमोजिम ईजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ।

(३) दफा ५ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको ईजाजतपत्र स्वतः खारेज हुनेछ।

(४) उपदफा (१) वा (३) बमोजिम ईजाजतपत्र खारेज भएकोमा उपमहानगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ।

(५) **ईजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :** कुनै निर्माण व्यवसायीले ईजाजतपत्र हराए वा नासिएको कारणबाट ईजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई ईजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ।

(६) **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(७) **बचाउ :** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको ईजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ।

(८) **खारेजी :** यस जनकपुरधाम उपमहानगरपालिका बाट निर्माण व्यवसायी ईजाजत पत्र र नवीकरण सम्बन्धमा यस अघि जारी भएको निर्माण व्यवसायी ईजाजत सम्बन्धि कार्यविधि २०७५ खारेज गरिएको छ।

## अनुसूची – १

**कार्यविधिको दफा २ को उपदफा (१) संग सम्बन्धित**

इजाजतपत्रको लागि दिइने दरखास्त

**विषय : इजाजतपत्र पाउँ भन्ने बारे ।**

| दरखास्त बालाको फोटो |
|---|

**श्री जनकपुरधाम उप–महानगरपालिकाको कार्यालय**
**जनकपुरधाम, धनुषा**

यस ...................... कार्यालयको कार्यविधि .......... वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउने निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको:-**

नाम:-

ठेगाना:-

पोष्ट बक्स:-

टेलिफोन नं.:- फ्याक्स नं.:- इमेल:-

**२. फर्म वा कम्पनीको प्रकृति**

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको**

नाम थर:-

ठेगाना:- पोष्ट बक्स:-

टेलिफोन:- फ्याक्स:- इमेल:-

**४. फर्म वा कम्पनीको विवरण**

दर्ता नं. :- दर्ता मिति:-

अधिकृत पूँजी:- जारी पूँजी:-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना:-

**५. इजाजतपत्र लिन चाहेको वर्ग:- "घ" वर्गको**

**६. समूहीकरण हुन चाहेको समूह**

**७. आर्थिक श्रोतको विवरण**

| | रकम | वित्तीय संस्था/बैङ्कको नाम |
|---|---|---|
| स्थानीय ओभरड्राफ्ट | | |
| मुदती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरण :-**

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

प्राविधिक कर्मचारीको हकमा Certificate को प्रतिलिपी तथा निजको मंजुरनामा पेश गर्नु पर्ने छ ।

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण:-**

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य:- यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

## १०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## ११. करचुक्ता गरेको प्रमाण कागजात:-

(क)

(ख)

(ग)

यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दस्तखास्त वालाको,

दस्तखतः-

मितिः-

**द्रष्टव्यः-** यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको नोटरी पब्लिकबाट प्रमाणित भएको प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

# अनुसूची-२

**(कार्यविधिको दफा ४ को उपदफा (१) र दफा ५ को उपदफा (३) संग सम्बन्धित)**

| सि.नं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **घ** | रु. २५०००।- | रु. ५०००।- | रु. १००००।- | रु. १००००।- | |

**द्रष्टव्य** : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २० बमोजिम का दफा ५ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिति दस्तुर मात्र तिर्नुपर्नेछ ।

## अनुसूची - ३

**(कार्यविधिको दफा ४ को उपदफा (१) र दफा ५ को उपदफा (३) संग सम्बन्धित)**

## ईजाजतपत्र

ईजाजतपत्र नं. ................. मितिः .......................

### जनकपुरधाम उप-महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### जनकपुरधाम, धनुषा

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २० ...... को दफा ४ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न .......................... स्थित कार्यालय भएको ........................ फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

ईजाजतपत्र दिनेको
दस्तखतः
नामः
पदः
मितिः
कार्यालयः

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूचि- ४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का<br>रकम...........<br>ख) सम्झौता मिति :..........<br>ग) ठेक्का अवधि........... | क) नामः.......<br>ख) पदः......<br>ग) हस्ताक्षरः.....<br>घ) छापः...... | क) थप समयः ...................<br>समयावधि थप गर्ने पदाधिकारीको<br>क) नामः...........<br>ख) पदः.............<br>ग) हस्ताक्षरः........<br>घ) निर्णय मितिः................<br>ङ) छापः........... | क) Variation पछिको Contract Amount<br>क) Variation को निर्णय गर्ने पदाधिकारीको<br>क) नामः...........<br>ख) पदः............<br>ग) हस्ताक्षरः.......<br>घ) छापः........... | क) सम्पन्न र कमः.........<br>ख) सम्पन्न मितिः......<br>ग) सम्पन्न %:......<br>घ) नामः.......<br>ङ) पदः......<br>च) हस्ताक्षरः.....<br>छ)छापः...... | क) अन्तिम ठेक्का रकमः......<br>ख) सम्पन्न मितिः......<br>ग) नामः.......<br>घ) पदः......<br>ङ) हस्ताक्षरः.....<br>च) छापः...... | |
| | | | | | | | | | | | |

## अनुसुची-५

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता :** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा भ्याट दर्ता भएको हुनु पर्नेछ।

२. **मुख्य जनशक्ति विवरण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

३. **मेशीन र उपकरण :**

(क) ट्रिपर/टयाक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (एक थान)

(ङ) भाइब्रेटर (एक थान)

**द्रष्टव्य :**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियरिंग काउन्सिलको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।

**प्रमाणिकरण मिति :२०७९/०९/३**

आज्ञाले,
**रत्नेश शशि**
प्रमुख प्रशासकीय अधिकृत